# त्रिवेणी नगरपालिका
## नगरसभा
## १५ औं अधिवेशन
## नीति तथा कार्यक्रम

**नगर प्रमुख श्री कर्ण बहादुर थापा**

नगरसभा बैठकका उपाध्यक्ष ज्यु,
सभाका सचिव ज्यु,
सभाका सम्पुर्ण सदस्य ज्युहरु,
नगरपालिकाका सम्पुर्ण कर्मचारी मित्रहरु,
पत्रकार मित्रहरु,
सुरक्षाकर्मी मित्रहरु,

**आदरणिय त्रिवेणी वासी आमाबुवा, दिदिबहिनि तथा दाजुभाईहरु**

१. नेपालको संविधान २०७२ को धारा २२३ वमोजिम गठन भएको नगरसभा को १५ औं अधिवेशनमा नगर सभा – अध्यक्षको हैसियतले सम्वोधन गर्न पाँउदा मलाई निकै खुशी लागेको छ।

२. विभिन्न कालखण्डमा राष्ट्रिय स्वाधिनता र स्वाभिमानको लडाँई राजनितिक सामाजिक एवं आर्थिक परिवर्तनको लडाँई तथा समानता र सामाजिक न्याय को लडाँईमा आफ्नो अमुल्य जिवनको वलिदान गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रदाञ्जली ब्यक्त गर्दछु।

३. २०७९ मंसिर ४ को चुनावमा सहादत प्राप्त गर्ने स्व. संजिव अयडी र चेतन अयडी प्रति हार्दिक श्रदा सुमन व्यक्त गर्न चाहन्छु। जन आन्दोलनका घाइते अपाङ्ग बेपत्ता नागरिकहरु प्रति श्रदा उच्च सम्मान प्रकट गर्दै देशको

सामाजिक सांस्कृतिक राजनैतिक एवं आर्थिक रुपान्तरणका लागी विभिन्न काल खण्डमा आन्दोलनको नेतृत्वदायि भुमिका खेल्नुहुने सम्पुर्ण नेता, आम नेपाली, नागरिक समाज, संचार जगत र सम्पुर्ण नगरवासि जनसमुदायलाई उच्च सम्मानका साथ प्रशंशा गर्दै बधाई तथा धन्यवाद ज्ञापन गर्दछु।

४. विगतका नगर सभाहरु द्वारा पारित नीति, कार्यक्रम, योजना तथा बजेटलाई कार्यान्वयन गरेर नगर समृद्धिको जन आकांक्षा पूरा गर्नका निम्ती जनादेश प्राप्त गरेको स्वणिम ऐतिहाँसिक दिन देखी नगरसभाको १५ अधिवेशन घडीसम्म आईपुग्दा विकासका हरेक प्रक्रियामा हातेमालो गर्दै अतुलनिय योगदान पुऱ्याउनु हुने नगर सभाका सवै सदस्य ज्युहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

नगरसभा सदस्य ज्युहरु

५. नेपालको संविधान २०७२ जारी भए पश्चात सम्पन्न भएको स्थानीय तहको दोस्रो निर्वाचन संगै संघियता कार्यान्वयन गर्ने संस्थागत अभ्यास सकारात्मक दिशातर्फ उन्मुख रहेको छ। यस अवधिमा संविधानले प्रदान गरेको स्थानीय सरकारको अधिकार सूची अन्तर्गतका बिषयमा कानून निर्माण गरी लागू गर्ने कार्यहरुले तिब्रता पाएको छ।

६. यस अवधिमा स्थानीय सडक पूर्वाधारहरुको स्तरोन्नती, सेवा प्रवाहमा प्रभावकारीता, प्राविधिक तथा दक्ष जनशक्तिको परिचालन, दिर्घकालिन तथा आर्थिक क्षेत्रमा दिर्घकालिन महत्वराख्ने पूर्वाधारहरुलाई संचालन गर्न नीतिगत तथा प्राविधिक कार्यको थालनी भएका छन।

७. संघ र नगरपालिकाको साझेदारीमा ६ करोड ३६ लाखको लागतमा सम्पन्न त्रिवेणी नगरपालिकाको गौरव आयोजना नाटेश्वरी-वडीमालिका बृहत आयोजना यसै आर्थिक बर्षमा सम्पन्न भई समुदायमा हस्तान्तरणको कार्य सम्पन्न भएको

छ। यो आर्थिक एवं पर्यटकीय दृष्टिकोणले दिर्घकालिन महत्वको आयोजना पनि हो।

८. पहिलो नगरसभावाट नै संघ र प्रदेश सरकारमा मागका रुपमा प्रस्तुत भई DPR समेत सम्पन्न भईसकेका साँफे-मार्तडी प्रादेशिक सडक खण्डसंग त्रिवेणी नगरपालिका जोडने वुढीगंगा नदीको बल्दे रिङतोला मोटरेवल पुलको संघ सरकारसंग सम्झौता भई तिब्र गतिमा कार्य अगाडी वढेको छ भने प्रदेश सरकारको लागतमा मालागाड मोटरेवल पुलको कार्य सोही गतिले अगाडी वढेको छ।वुढीगंगा मौरे मोटरेवल पुलको सम्झौता गत आ.ब. मा नै भएर पनि हालसम्म कार्य संचालनमा नआएकोले कामको शुरुवात गराउनका लागी संघ सरकार, निर्माण कम्पनी र सरोकारवालाहरुसंग विभिन्न समयमा ध्यानाकर्षण गराईएको छ।

९. पहिलो नगरसभाको कार्यकाल भित्र नै निर्माण कार्य संचालनमा आएको करिव ७ करोड लागतको त्रिवेणी नगरपालिकाको प्रशासनीक भवनको निर्माण सम्पन्न भई यसै आ.ब. भित्र हस्तान्तरणको कार्य सम्पन्न भएको छ।

१०. चालू आ.ब.मा संघीय सरकार र प्रदेश सरकारको समन्वयकारी भुमिकाको सहयोग तथा साथमा यस नगर क्षेत्रभित्र स्वच्छ खानेपानी,कृषि, पर्यटकिय क्षेत्रको विकास, सिचाँई, पुल, विद्युत,शिक्षा, सडक, सांस्कृतिक सम्पदाको संरक्षण लगाएत महिला, दलित, अपाङ्ग, वालवालिका, जनजाती, जेष्ठनागरिक, युवालक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन भएका छन।

११. त्रिवेणी नगरपालिका भित्रका अनाथ, असहाय, तथा सहारा विहिन वालवालिकाहरुलाई नगरपालिकाको पहल तथा विभिन्न संघ संस्था,

मानवाधिकार कर्मी, पत्रकारको सहयोगमा उद्धार गरि शिक्षा पोषण तथा सामाजिक संरक्षण प्रदान गरिएको छ।

१२. त्रिवेणी नगरपालिकालाई सर्वाङ्गिण दिगो विकास र सम्मृद्धिको मार्गमा दुर्त गतिमा अगाडी बढाई समाजवाद उन्मुख राष्ट्र निर्माणको कार्यमा एकआपसमा हातेमालो गर्दै ससक्त ढङ्गले एकाबद्ध तरिकाले आआफ्नो भुमिका र स्थानबाट सहयोग गरिदिन हुन सम्पुर्ण नगरबासीहरुमा हार्दिक अपिल गर्दै नगरपालिकाको चालु आ.व. को समिक्षा तथा आगामी आ.व. को निति तथा कार्यक्रम बढाँउदा एकिकृत विकासको नारालाई वृहत योजनामा समाहित हुने गरी सोहिअनुसारका निति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

नगरसभा सदस्य ज्युहरु,

१३. स्थानीय सरकारको नीति तथा कार्यक्रम तयार गर्दा, नेपाल अधिराज्यको संविधान २०७२ को अनुसुची ८ र ९ मा व्यवस्थापन भएका स्थानियतहको एकल तथा साझा अधिकारहरु मौलिकहक एवं राज्यको निर्देशन, सिद्धान्त र नितिहरु, संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नितिहरु, नेपाल सरकारबाट स्विकृत संघ, प्रदेश र स्थानियतहको कार्य वित्तिय नितिहरु, स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्थापन भएको, नगर कार्यपालिकाको आयोजनामा स्थानिय राजनैतिकदल समाजसेवी, बुद्धी जिवी तथा संघ संस्थाका प्रतिनिधिहरुबाट आएको नितिगत सुझावटोल वस्ति तथा वडाभेलाबाट प्राथमिकरण गरि आएका योजनाहरु, विषयगत समितिको बैठकबाट आएका महत्वपुर्ण नितिगत विषयहरु ,राजश्वपरामर्श समितिको बैठकका निर्णयहरु, हालसम्मका नगरसभाले पारित गरेका निर्णयहरु, बजेट तर्जुमा दिग्दर्शन २०७४, स्थानीय श्रोत साधन, विकासका अन्तरसम्बन्धि

विषयहरुलाई आधार वनाई तयार गरिएको सम्मानीत सभामा जानकारी गराउन चाहन्छु।

१४. नगरवासीको आधारभूत स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्नका लागी वडास्तरमा संचालित सवै स्वास्थ्य संस्थाहरुको भौतिक तथा गुणात्मक रुपमा प्रविधिमैत्री वनाई स्तरोन्नती गरिनेछ।

१५. नगरपालिका भित्रकाका स्वास्थ्य चौकी शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रमा भएको विद्यमान अपर्याप्त भौतिक संरचनालाई योजनावद्धरुपमा निर्माण कार्यको थालनी गरिनेछ।

१६. स्वास्थ्य क्षेत्रमा खटीने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मनोवल बृद्धिका लागी नगरपालिकाले आवश्यक व्यवस्थापन गर्ने नीति लिईनेछ।

१७. त्रिवेणी नगरपालिकाको टुडेगडामा १५ शैया अस्पताल निर्माणको कार्य प्रारम्भमा सम्मानीत अदालतको आदेशवाट हालसम्म कार्यान्वयन प्रक्रियामा जान कानूनी जटिलता उत्पन्न भएकोले उक्त कार्य थालनीका लागी संघिय सरकारमा विशेष पहल गरिनेछ।

१८. प्रदेशमा संचालित वयालपाटा, गेटा आँखा, सेती प्रादेशिक अस्पतालको समन्वयमा आँखा,दाँत, मुटुरोग, पथ्थरी, पाठेघर आङखस्ने र अन्य रोगको विरामीका लागी नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्नका लागी पहल गरिनेछ।

१९. विशेषज्ञ डाक्टर सहित को नि:शुल्क स्वास्थ्य शिविरका लागी जिल्ला स्वास्थ्य कार्यालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालयमा प्रस्ताव पेश गरी समन्वय गरि कार्यान्वयनका लागी विशेष पहल गरिनेछ।

२०. सवै स्वास्थ्य संस्थाहरुमा औषधि व्यवस्थापनलाई विशेष ध्यान दिई निरन्तरता दिईनेछ।

२१. स्वास्थ्य संस्थामा रहेका बर्थिंङ्ग सेन्टरहरुको स्तरवृद्धि गरी प्रसुति सेवालाई सर्वसुलभ वनाईने नीति लिईनेछ।

२२. गर्भवती तथा सुत्केरी अवस्थामा जटिलता भई प्रेसनका लागी आकस्मीक प्रेसन व्यवस्थापन संचालन गरिनेछ।

२३. पूर्ण अपाँगता,आंशिक अपाँङ्गता, आर्थिक विपन्नता, एकल महिला, आमा, बाबु गुमाएका वालवालिकाहरुलाई स्वास्थ्य उपचारका लागी औषधि खर्चको व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२४. स्वास्थ्यकर्मीलाई आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

२५. टोल टोलमा स्टेचर र नगरस्तरिय एम्वुलेन्स सेवा संचालन कार्यको थालनी गरिनेछ।

२६. सरुवा रोग नियन्त्रणका लागी छतारा स्वास्थ्य चौकी, तोली देवलडाँडा स्वास्थ्य चौकी र कैलाशमाण्डौ स्वास्थ्य चौकीमा घुम्ती स्वास्थ्य शिविर संचालन गरिन्छ।

२७. नगरभित्र नागरिक आरोग्य सेवाकेन्द्र शाखा विस्तार गरि सेवा प्रवाह गर्ने नीति लिईएकोछ।

२८. विद्यालयका भौतिक संरचनाहरुको विद्यमान अवस्थालाई अध्यन गरी मापदण्ड अनुसारका भवनहरुको निर्माणकार्यलाई निरन्तरता दिईनेछ।

२९. विद्यालयको वातावरण पूर्ण रुपमा स्वच्छ, सफा र स्वस्थ नभएसम्म गुणस्तरिय शिक्षाको परिकल्पना गर्न सकिदैन यसर्थ, सवै विद्यालयमा हाल

संचालनमा रहेको खानेपानीको गुणस्तर जाँच गरी बालमैत्री धारा र छात्र छात्राहरुलाई उपयुक्त शौचालयको निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

३०. वालवालिकाको पठन पाठनलाई प्रभावकारी वनाउन प्रयोगशाला, शैक्षिक सामग्री व्यवस्थापनमा जोड दिईनेछ।

३१. विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्ने अत्यावश्यकीय व्यवस्थापनलाई विशेष ध्यान दिईने छ।

३२. प्राविधिक तथा दक्ष जनशक्ति अभावका कारणले नै आजको आधुनिक वजारमा प्रतिस्पर्धा गर्न नसकेकोले वेरोजगारी वढेको साथै उत्पादन र समृद्धिमा दिर्घकालिन असर पर्ने यथार्थतालाई मध्यनजर गरी नगर भित्र नै प्राविधिक जनशक्ति उत्पादन गर्नका लागी स्नातक तहसम्मको (बालि विज्ञान तर्फ) क्याम्पसका लागी संघ र प्रदेश सरकार संगको समन्वयमा स्थापनाका लागी पहल गरिनेछ।

३३. नगरपालिका प्राविधिकधार संचालन गर्नका लागी आवश्यक नीतिगत तथा संरचनागत कार्यको थालनी गर्ने नीति लिईएको छ।

३४. नगरपालिका भित्रको टुहुरा, असहाय, अनाथ तथा सहाराविहिन वालवालिकाहरुको शिक्षाको अधिकारलाई सुनिश्चित गर्नका लागी आवासीय विद्यालय संचालन गर्न नीतिगत तथा आवश्यक पूर्वाधारको व्यवस्था मिलाई कार्यान्वयनमा ल्याईनेछ।

३५. आर्थिक रुपले बिपन्न, टुहुरा तथा अनाथ वालवालिकाहरुको शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न नि:शुल्क भर्ना, आवश्यक पोषाक र अभ्यास पुस्तिकाको व्यवस्था मिलाई विद्यालय नियमित गराईने नीति लिईएको छ।

३६. हाल पर्याप्त शैक्षिक सामग्रीहरुको विद्यालयहरुमा सामग्री प्रयोग गर्नका लागी शिक्षकहरुलाई सिप तथा क्षमता विकास तालिमको आयोजना गरिनेछ भने सामग्रीहरु अपर्याप्त भएका विद्यालयहरुका लागी व्यवस्थापन सहित तालिम संचालन गरिनेछ।

३७. नगरप्रमुख शैक्षिक सुधार कार्यक्रम संचालन गरिने छ।

३८. विद्यालयको बार्षिक कार्य योजना, शैक्षिक क्यालेन्डर, र शैक्षिक क्रियाकलाप, शिक्षक दरबन्दी र विद्यार्थि संख्याका आधारमा दरवन्दि मिलान र जनशक्ति व्यवस्थापनमा वैज्ञानीक वनाईने नीति लिईएको छ।

३९. विद्यार्थिहरुको शैक्षिक वातावरण वुझी योजना निर्माण गर्दा सिकाई प्रभावारी हुनुका साथै क्षेत्रकाअभावलाई नजिकवाट अनुगमन गर्ने कार्य प्रभावकारी वन्दै गईरहेकोले नगरपालिकाका सवै विद्यालयहरुमा **"विद्यार्थिसंग मेयर भेटघाट"** कार्यक्रमलाई अझ प्रभावकारी वनाईने नीति लिईएकोछ।

४०. विद्यालयमा हुने साप्ताहिक, मासिक अर्धवार्षिक तथा बार्षिक दिवस, उत्सव, शिक्षक अविभावक भेला, शुक्रवारिय कार्यक्रम तथा अन्य शैक्षिक गतिविधिहरुको मूल्यांकलन गरी अतिरक्त कार्यक्रमहरु संचालन गर्ने नीति लिईएको छ।

४१. स्थानीय सरकारको कार्य जिम्मेवारीमा रहेको माध्यामीक तहसम्मको शिक्षालाई गुणस्तरिय जीवनोपयोगी र प्रविधिमैत्री वनाईनेछ।

४२. नगरका सवै सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थिहरुमा सूचना प्रविधिको प्रयोग गरी ज्ञान, सीप र पहुँच अभिवृद्धि गरिनेछ।

४३. शिक्षा ऐन, र नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ। सामुदायिक विद्यालयको गुणस्तरमा ध्यान दिईनेछ।

४४. नगरपालिका भित्र शैक्षिक गुणस्तरको बिषयलाई आजको आवश्यकता ठानी १० बर्षे शैक्षिक योजना निर्माण गरिने नीति लिईएको छ।

४५. वाल विकास केन्द्रलाई व्यवस्थित गरिनेछ। पुस्तकालय तथा सामुदायिक अध्ययन केन्द्रको क्षमता बृद्धि, प्रविधिमैत्री शिक्षण प्रक्रिया संचालनमा सहयोग गरिनेछ।

४६. वालवालिकासंग नगरप्रमुख कार्यक्रम संचालनमा ल्याईने छ।

४७. नगरपालिका अन्तरगतका विधालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न एकमुष्ट रकम अनुदान दिने व्यवस्था गरिने छ ।

४८. नगरपालिका भित्र आधुनिक, प्रविधिमैत्री खेलकुद रंगशाला स्थापनाकालागी संघ सरकारमा विशेष पहल गरि कार्यान्वयनको थालनी गर्ने नीति लिईएको छ।

४९. बार्षिक रुपमा माध्यामीक तहमा मेयर कप रनिङ शिल्ड तथा राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता, प्रभावकारी रुपमा संचालन गर्न खेलसामग्री तथा प्रभावकारी प्रशिक्षणको व्यवस्थापन गरिने नीति लिईएको छ।

५०. कक्षा १-८ र १-१२ संचालन भएका विद्यालयमा अनिवार्य रुपमा नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, युवा रेडक्रस सर्कलको वृत्ति विकासमा जोड दिईनेछ।

५१. विद्यालयको सरसफाईमा विशेष जोड दिई वाल मैत्री शैक्षिक वातावरण तयार गर्ने नीति लिईएको छ।

५२. शैक्षिक गुणस्तर वृद्धि गर्न जनशक्ति व्यवस्थापन, तालिम तथा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ।

५३. विद्यालय व्यवस्थापनमा सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। साथै महिनावारी स्वच्छता व्यवस्था सम्वन्धि तालिम कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

५४. प्रत्येक बर्षको जेठ १ गतेदेखी ७ गतेसम्म विद्यालय स्तरिय,वडास्तरिय र पालिका स्तरिय पोषण सप्ताहलाई निरन्तरता दिईनेछ।

५५. अपाङ्ग, टुहुरा, आर्थिक विपन्नताका कारण नियमीत विद्यालय जान नसक्ने वालवालिकाहरुलाई आवश्यक सहयोग साथै सकारात्मक मनोपरामर्श कार्यलाई निरन्तरता दिईनेछ।

५६. नगर गौरवका योजनाहरुलाई मध्यनगर गरी ठूला पूर्वाधारहरुको विकासमा पहल गरिनेछ।डिपिआर तयारी भएका आयोजनाहरुलाई कार्यान्वयनका लागी संघ र प्रदेश सरकार तथा अन्य दातृ नियकाहरु संगको साझेदारीमा कार्यान्वयन गरिनेछ भने बाकी महत्वपूर्ण आयोजनाहरुको डिपीआर तयारीको कार्य थालनी गरिनेछ।

५७. त्रिवेणी नगरपालिकाको मौरे जिरोप्वाईन्ट देखी छतारा सडकको कालोपत्रे निर्माणका लागी सघन सहरी मार्फत DPR सम्पन्न भई ठेक्का समेत भईसकेकोले उक्त सडकको कार्यप्रारम्भलाई तिब्रता दिन मन्त्रालय र कार्यान्वयन गर्ने पक्षसंग विशेष पहल गरिनेछ।

५८. नगरपालिकाको मौरे जिरोप्वाईन्ट- कैलाशमाण्डौ हुदै गडीगाँउ सडकको स्तरोन्नती कार्य हाल संचालनमा रहेकोले आगामी बर्ष उक्त सडकको बाँकी कामलाई निरन्तरता दिईने छ।

५९. मौरे जिरोप्वाईन्ट- कालापानी हुदै रत्न पैमा सडकको स्तरोन्नतीका लागी संघिय सरकारमा विशेष पहल गरिनेछ।

६०. स्थानीय सडक निर्माण अन्तर्गत त्रिवेणी ९ नुवाकोट देखी सार्कीटोल हुदै गोतेगाँउ जोडने सडक विस्तार गरिने छ।

६१. त्रिवेण नगरपालिकाको सडक संजालले नजोडेको एक मात्र वडा किम्नीमा सेरावगर किम्नी सडकको कार्य संचालनमा आईसकेकोले यही आ.ब. २०८१/०८२ मा वडा कार्यालयसम्म पुग्ने गरि कार्यको थालनी गरिनेछ।

६२. साँफे मार्तडी प्रादेशीक सडकवाट त्रिवेणी नगरपालिका जोडने मौरे मोटरेवल पुलको ठेक्का सम्झौता भईसकेको र हालसम्म कार्य थालनी हुन नसकेकोले यसको जाँचवुझ गरि मन्त्रालय, पुलमहाशाखा र सम्बन्धित ठेकदार कम्पनीसंग छिट्टै कार्यान्वयनमा आउने गरी विशेष पहल गरिनेछ।

६३. बल्दे रिङ्गतोला बुढीगंगा नदिको मोटरेवल पुलको कार्य आ.ब.२०८०/०८१ प्रारम्भ भई तिब्र रुपमा अगाडी वढेकोले आगामी बर्ष भित्र सम्पन्न हुने गरी सम्बन्धित निर्माण कम्पनी र सरवकारवाला पक्षहरुमा विशेष पहल गरिनेछ।

६४. त्रिवेणी नगरपालिकाको केन्द्र जोडने मालागाड मोटरेवल पुल निर्माण कार्य आ.ब.२०८०/०८१ प्रारम्भ भई तिब्र रुपमा अगाडी वढेकोले आगामी बर्ष भित्र सम्पन्न हुने गरी सम्बन्धित निर्माण कम्पनी र सरवकारवाला पक्षहरुमा विशेष पहल गरिनेछ।

६५. वाजुराको त्रिवेणी र अछाम जिल्लाको मेल्लेख गाँउपालिका विचमा पर्ने काँसेगाडमा मोटरेवल पुलका लागी संघ तथा प्रदेश सरकारमा पहल गरिनेछ।

६६. वडाको केन्द्रसम्म पुग्ने सवै वडाका सडकहरुको स्तरोन्तीका लागी संघ, प्रदेश र नगरको आफ्नै लगानीमा कार्यान्वयन तिब्र पारिने नीति लिईएको छ।

६७. हालसम्म वडा कार्यालय भवन वन्न नसकेका वडाहरुमा मालपोत कार्यालयवाट लालपुर्जा प्राप्त गरी जग्गा प्राप्त गरेका वडा नं २, ६, ७ र ९ नं वडाहरुको वडा कार्यालय भवन आ.ब. २०८१/०८२ मा ठेक्का प्रक्रिया मार्फत निर्माण कार्यको थालनी गरिने छ।

६८. वडावाट सिफारिस सहित प्राथमीकतामा परेका सिचाई आयोजनाहरुलाई संघ, प्रदेश तथा नगरको आफ्नै लगानीमा निर्माण तथा मर्मत प्रकृयामा अगाडी वढाउदै लगिने नीति लिईएको छ।

६९. नगरपालिका भित्र खेलमैदान स्थलको छनौट गरी व्यवस्थापन अगाडी वढाईने छ।

७०. त्रिवेणी नगरपालिकाको रिङ्गरोडको अवधारणालाई अगाडी वढाउन लगानीमा पहल गरिनेछ।

७१. नगरपालिका भित्र संचालित योजनाहरुको गुणस्तर र दिगोपनालाई मध्यनजर गरी योजनाका उपभोक्ता समितिहरुलाई निर्माण प्रकृया वारे क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७२. नगरपालिका भित्रका योजनाहरुलाई आधुनिक प्रविधिमैत्री र गुणस्तरिय वनाउन प्राविधिक जनशक्तिको तालिम तथा उपकरण व्यवस्थापनमा विशेष जोड दिईने नीति लिईएको छ।

७३. बस्तीहुदै वडावाट सिफारिस भई आएका सवै आयोजना/ योजनाहरुलाई कार्यान्वयन सम्भाव्यताका आधारमा नगर, प्रदेश र संघ सरकारमा प्रस्ताव गरिने नीति लिईएको छ।

७४. मौरे जिरोप्वाईन्ट- तोली – छतारा लवाढुङग्रा, मौरे जिरोप्वाईन्ट- मलालगाँउ- ताम्सु – पैमा, मलालगाँउ- बाँगापाटा- पैमा, मौरे जिरोप्वाईन्ट- कैलाशमाण्डु धलपुरी, कैलाशमाण्डौ- पन्धारा, गाग्रा जिरोप्वाईन्ट- धलपुरी मा वि – विरा, र कराला नाउला – ठाना सडकको स्तरोन्तीका लागी संघ र प्रदेश सरकारसंग बिशेष पहल गरिनेछ।

७५. छतारा मन्दिर - पञ्चपुरी – वडीमालिका धार्मीक पर्यटकीय क्षेत्रको पर्यटकीय पथमार्ग निर्माण पर्यटन विकासको पहिलो पाईला भएकोले उक्त भौतिक संरचना निर्माणका लागी संघिय सरकार पर्यटन मन्त्रालयमा विशेष पहल गरिनेछ।

७६. वडिमालिका- भण्डारगृह- खिन्नै – किम्नी – छतारा पर्यटन सडक निर्माणका लागी प्रदेश पर्यटन मन्त्रालयमा विशेष पहल गरिनेछ।

७७. त्रिवेणी नगरपालिका वडा नं ९ पैमा देखी वडीमालिका नगरपालिका ५ जोड्ने सडक निर्माण कार्य आ.ब. २०८१/०८२ भित्र संचालन गरिने छ।

७८. त्रिवेणी नगरपालिकाको टुडेगडा देखी मौरे जिरोप्वाईन्ट झोलुङ्गेपुलको कार्यलाई यसै आ.ब. मा निर्माण कार्य सम्पन्न हुने गरी पहल गरिनेछ।

७९. बाह्रै महिना सडक संचालन गर्न र सडकमा भएको सामान्य अवरोध हटाउनका लागी RMG लाई सक्रिय गरी प्रभावकारी रुपमा लागू गरिन्छ।

८०. नगरपालिका भित्रका पैदल मार्गहरुलाई स्तरोन्नती गरिने नीति लिईएको छ ।

८१. हाल नगरमा अधुरा रहेका सवै आयोजना तथा कार्यक्रमहरुलाई पुरा गरी संचालनमा ल्याईने नीति लिईएकोछ।

८२. नगपालिका भित्र भवन आचारसंहिता मापदण्ड कार्यान्वयनमा ल्याईनेछ।

८३. **"ब्यवसायिक कृषिका लागी प्रविधिमैत्री पूर्वाधार- त्रिवेणी नगरपालिकाको आर्थिक उन्नतीको मूल आधार"** भन्ने नाराका साथ कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि र आम्दानीको लागी नगरपालिका भित्र रहेका कृषकहरुलाई तरकारी, फलफूल तथा नगदेवालीमा संलग्न गराउन कृषकहरुलाई सहुलियत मल, विउ तथा पकेट क्षेत्र विकासका लागी कृषि प्रविधि र पूर्वाधारमा लगानी गरिनेछ।

८४. कृषि जन्य उत्पादनलाई व्यवस्थित गरि सुरक्षित बजारिकरण गर्न नगरपालिकामा कोल्ड स्टोर स्थापनाका लागी आवश्यक पहल गरिने छ ।

८५. दुध तथा मासुजन्य व्यवसायलाई आन्तरिक उत्पादनवाट आत्मनिर्भर गर्दै लगिनेछ यसका लागी व्यवसायिक रुपमा फर्म मार्फत संचालन गरिरहेका कृषकहरुलाई बार्षिक उत्पादन क्षमताको आधारमा रोजगारी दिनसक्ने फर्म तथा व्यवसायमा लगानी वृद्धि गर्नका लागी मूल्यांकनका आधारमा अनुदान प्रदान गरिनेछ।

८६. किसानलाई समयमै मल, विउ तथा प्रविधिको व्यवस्थापन गर्न जनशक्ति तथा लगानीको उचित प्रवन्ध गरिनेछ।

८७. "नगरप्रमुख कृषि आधुनिकीकरण परियोजना" संचालनमा ल्याईने छ।

८८. तरकारी तथा फलफुलको विउ उत्पादन र बिक्री गरी कृषकहरुको थप आयआर्जन बृद्धि गरिने नीति लिईएकोछ।

८९. जमिनको अवस्था हेरी भिरालो पाखाहरुमा कागती, ओखर, सुन्तला, किवी तथा माटो सुहाउदो जातका फलफुलका विरुवाहरु रोपण गर्न प्रोत्साहन गरिने छ। आवश्यक वोट र प्रविधि सहयोगलाई निरन्तरता दिईनेछ।

९०. कृषकहरुको उत्पादनलाई स्थानीय वजारमा सहज पहुँच पुर्याउनका लागी त्रिवेणी नगरपालिका भित्रको स्थानीय वजारलाई व्यवस्थित गरिदै लगिनेछ।

९१. मौसमी तथा वेमौसमी तरकारी खेती गर्ने कृषकहरुको लगत राखी बास्तविक व्यवसायिक कृषकहरुलाई विउ सहित प्रविधि सहयोग गरिनेछ

९२. रोग, किरा तथा महामारी नियन्त्रणका लागी घुम्ति शिविर सेवा संचालन गरिनेछ।

९३. नगरपालिकाको केन्द्रमा कृषी हाटवजारको सम्भाव्यता पहिचान गरी संचालनमा ल्याउन पहल गरिनेछ।

९४. कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी कार्यान्यनमा जोड दिईनेछ।

९५. एकल महिला तथा सिमान्तकृत वर्गको आय आर्जनको भरपर्दो माध्यामको रुपमा रहेको बाख्रापालन व्यवसायलाई सुदृढ गर्न बाख्रापालन पकेट तथा श्रोत केन्द्र अवधारणामा कार्यक्रम संचालन गरिनेछ।

९६. व्यवसायिक बाख्रापालक कृषकहरुलाई विउ अनुदान, स्वास्थ्य परिक्षण सेवा र औषधि उपचार व्यवस्थापन गरिनेछ।

९७. घुम्ति पशुस्वास्थ्य शिविर नगरका सवै वडाहरुमा संचालन गरिनेछ साथै विशेषज्ञ पशुचिकित्सक द्धारा नगरका छतारा तोली र कैलाशमाण्डौमा शिविर संचालन गरिनेछ।

९८. व्यवसायिक योजना निर्माण गरी संचालन गर्ने गाई, भैसी, बाख्रा र कुखुरापालन व्यवसायिहरुको गोठ तथा खोर व्यवस्थापनमा सहुलियत प्रदान गर्ने नीति लिईएको छ।

९९. कृषि तथा पशुपालन क्षेत्रमा सक्रियता पूर्वक संलग्न किसानहरुलाई व्यवसायिक तथा क्षमता विकास तालिमको व्यवस्थापन गरिनेछ।

१००. पालिका भित्रको समग्र खाद्य सुरक्षा तथा पोषणको अवस्थावारे तथ्यांक संकलन र विश्लेषण गरी कृषि शाखामा खाद्य सुरक्षा तथा खाद्य सुरक्षा सूचना प्रणालीको स्थापना गरिनेछ।

१०१. पोषण तथा खाद्य सुरक्षा रणनीति योजनालाई प्रभावकारी रुपमा लागू गरिनेछ।

१०२. नेपाल सरकारले अवलम्वन गरेको वहुक्षेत्रीय पोषण योजनाले ईगिंत गरेका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

१०३. कृषकहरुको व्यवसायमा देखापरेको समस्याहरुलाई तत्काल समाधान गर्न हाल नगरपालिकामा रहेको कृषि तथा पशु शाखामा भएको जनशक्तिलाई परिचालन गरी **"किसानको वारीमा प्राविधिक भेटघाट"** अभियान संचालन नीतिलाई थप सक्रियताका साथी लागू गर्ने नीति लिईएको छ।

१०४. नगरपालिकाको ३ बर्षिय रोजगार रणनीती योजना तयार गरी आ.ब. २०८१/०८२ वाट लागू गर्ने नीति लिईएको छ।

१०५. सूचीकृत बेरोजगार युवाहरुका लागी १०० दिनको रोजगारीमा संलग्न गराई रोजगारी सृजनालाई निरन्तरता दिईनुका साथै पूर्वाधार निर्माणलाई दिगो र गुणस्तरयुक्त वनाउन सवै योजनाहरुमा साझेदारी अनिवार्य गरिनेछ।

१०६. युवा रोजगारी सृजनाका लागी उद्यमशील मेयर रोजगार कार्यक्रम संचालन गरिने छ।

१०७. कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम संचालनमा स्रोत व्यवस्थापनको नीति लिईएको छ।

१०८. बैदेशीक रोजगारिमा जाने श्रमशक्तिको लागी बित्तिय साक्षरता र सिपमूलक तालिममा विशेष जोड दिईनेछ।

१०९. बैदेशीक रोजगारीवाट फर्केकाहरुका लागी प्राप्त ज्ञान सिप र उद्यमशिलताको उपयोगका लागी सेवा प्रदायकहरु विच अन्तर्क्रिया कार्यक्रमहरु संचालन गर्ने नीति लिईएको छ।

११०. स्थानीय उत्पादन, जनशक्ति तथा साधन स्रोतको नक्सांकन गरी नगरपालिका भित्र संचालन गर्न सकिने घरेलु तथा साना उद्योगहरुको स्थापना गर्न जोड दिईनेछ।

१११. युवाहरुलाई व्यवसायिक तथा सिपमूलक कार्यक्रम मार्फत कृषि तथा पशुजन्य साना उद्योगहरु संचालन गर्न लगानीको बातावरण सृजना गरिनेछ।

११२. नगरपालिका भित्रवाट प्रत्येक बर्ष श्रम वजारमा प्रवेश गर्ने युवाहरुको तथ्यांकलाई व्यवस्थित गर्न रोजगार सेवा केन्द्रलाई व्यवस्थापन गरिनेछ।

११३. सिपमूलक तथा आय आर्जन कार्यक्रम संचालन गरी आन्तरिक रोजगारी सृजना गर्न लगानीमा विशेष जोड दिईनेछ।

११४. नगरपालिका भित्र संचालन गरिने उद्यम विकास, रोजगारी तथा आयआर्जन क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुलाई एकीकृत गर्दै प्राथमीकता र आर्थिक विपन्न नगारिकहरुलाई प्रत्यक्ष लाभ पुग्नेगरी प्रभावकारी रुपमा संचालन गर्ने नीति लिईएको छ।

११५. रोजगार सेवाकेन्द्रलाई श्रम सूचना बैकको रुपमा विकास गर्दै लगिनेछ।

११६. नगरभित्रका प्राविधिक शैक्षिक वेरोजगारहरुलाई उनीहरुको सीप र क्षमताको आधारमा प्रविधि सहयोग गरी व्यवसायमूलक स्व:रोजगार कार्यक्रममा संलग्न गराउन संघ र प्रदेश सरकारको समन्वयमा कार्यक्रमहरु संचालन गर्ने नीति लिईएकोछ।

११७. सहकारीहरुको कार्यक्षेत्र र संस्थागत क्षमता मूल्यांकन गरी सिप तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

११८. सहकारीलाई उत्पादन, रोजगारी र वजारीकरणमा जोड दिईनेछ। संगठनात्मक व्यवस्थापन, रोजगारी तथा स्व:रोजगार क्षेत्रमा गरेको योगदान र सेवाको मूल्यांकन गरि आवश्यक सहयोग गरिने नीति लिईएकोछ।

११९. सहकारी शिक्षालाई प्रवर्द्धन, एक सहकारी एक उत्पादनको नीतिलाई अगाडी वढाउदै उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गर्ने नीति लिईएको छ।

१२०. नगरपालिका भित्र हाल संचालनमा रहेका विभिन्न उद्देश्य राखी गठन भएका सहकारी संस्थाहरुको प्रभावकारी नियमन गरी सहकारी शेयर सदस्यहरुको लगानीलाई सुक्षित गरिनेछ।

१२१. सहकारीको पूजीलाई व्यवसायिक क्षेत्रमा लगानीको वातावरण सृजना गरी स्वरोजगार मार्फत आर्थिक आय आर्जनमा जोड दिईनेछ।

१२२. युवा जनशक्तिलाई समाज विकासमा गरिचालन गरी राष्ट्रिय लाभप्राप्त गर्न उद्यमशिल, सृजनशिल, र सकारात्मक सोचका साथ अगाडी वढाउने नीति र कार्यक्रम लागू गरिनेछ।

१२३. आधारभुत तहका विधार्थिहरुको खेल क्षेत्रमा सुधार गर्न उप मेयर कप कार्यक्रम संञ्चालन गरिनेछ ।

१२४. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप, नगर तथा वडा स्तरिय खेलकूद प्रतियोगीताहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन आवश्यक पूर्वाधार र खेल सामग्रीहरुको व्यवस्थापन गर्ने नीति लिईएको छ।

१२५. नगरपालिकाको खेलक्षेत्रको विकासका लागी नगर खेल प्रशिक्षक नियुक्ति गर्ने व्यवस्था मिलाईनेछ।

१२६. नगरस्तरिय खेलकुद समिति गठन गरिने छ।

१२७. खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१२८. नगरस्तरमा नव प्रतिभावान खेलाडी पहिचान गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१२९. स्वच्छ र शुद्ध खानेपानीको पहुच नगरवासीको घर घरमा पुर्याउन एक घर एक धाराको कार्यक्रमलाई तिब्रता दिई आगामी ३ बर्ष भित्र नगरका सवै घरधुरीमा पुग्ने गरी लगानीको स्रोत सुनिश्चित गर्ने नीति लिईएको छ।

१३०. विगत लामो समयदेखी खानेपानी योजनाको माग भई DPR समेत तयार भएर संचालन गर्न नसकिएका वृहत खानेपानी योजनाहरुलाई संघ, प्रदेश र नगरको सह लगानीमा निर्माण कार्यको थालनी गर्न पहल गर्ने नीति लिईएको छ।

१३१. एक घर एक करेसावारी अभियान संचालन गरी घरमा खेर गईरहेको पानीको उचित व्यवस्थापन गरिनेछ।

१३२. स्थानीय वजार, टोल तथा सडकहरुमा ढल निकासको उचित व्यवस्थापनमा पहल गरिनेछ।

१३३. नगरपालिका सवै टोलहरुमा सरसफाई समिति गठन गरी पूर्ण सरसफाई अभियानमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ।

१३४. पूर्ण सरसफाई वडा घोषणाका लागी गोठेमल व्यवस्थापन र घर घरमा कम्पोष्ट मल खाडल निर्माण गर्ने नीति लिएको छ।

१३५. पर्यटकीय स्थलको रुपमा विकास भएका गन्तव्यहरुको विकास र प्रचार प्रसारमा आवश्यक पहल गरिनेछ।

१३६. पर्यटन पूर्वाधारको विकासका लागी वडीमालिका र नाटेश्वरी पञ्चपुरी छतारदेवी माई क्षेत्रको आधारभूत पूर्वाधार निर्माणका लागी संघ तथा प्रदेश सरकारको समन्वयमा बहुबर्षिय आयोजना संचालनमा जोड दिईनेछ।

१३७. नगरपालिका भित्रका संभावित पर्यटकीय क्षेत्रहरुको पूर्वाधार विकासमा विशेष पहल गरिनेछ।साथै किम्नीछडा- झरनालाई विशेष पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ।

१३८. छतारा माईको मन्दिर देखी पञ्चपुरीको वाटोहुदै त्रिवेणी वडीमालिकासम्मको पर्यटकीय पथमार्गको लागी प्रदेश तथा संघ सरकारमा पहल गरिनेछ।

१३९. नाटेश्वरी जनैपूर्णीमा मेलामा स्थानीय उत्पादन शिल्पकला महोत्सव गर्ने नीति लिईएको छ।

१४०. नगरपालिका भित्र रहेका ऐतिहासिक, धार्मीक तथा पुरात्वातिक मठ मन्दिर हरुको संरक्षणका लागी व्यवस्थापन गरिनेछ।

१४१. नगरको सामुदायिक सम्पदाको रुपमा रहेका कैलामाण्डौडाँडा, तोली देवलडाँडा र छताराको चाल्नेगडालाई स्तरोन्नती गरिनेछ।

१४२. वडीमालिका- नाटेश्वरी क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न संघिय सरकारमा पहल गरिनेछ।

१४३. वडीमालिका भण्डारगृह व्यवस्थापन गरि नगरको धार्मिक आस्थाको धरोहरको रुपमा विकास गरिने छ।

१४४. धार्मीक पर्यटकीय महोत्सव संचालन गर्न सरोकारवाला पक्षहरुविच अन्तरक्रिया तथा संवाद अगाडी वढाई कार्यान्वयनमा ल्याईनेछ।

१४५. कैलाशमाण्डौ स्थित कैलाश क्षेत्रको DPR तयारी कैलाश क्षेत्र विकास कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

१४६. खिन्नै सत्यदेवी, मष्टामाष्डौ, सोता, सैमाण्डौ, छतारादेवी, तोलीदेवल लगायतमा सम्पूर्ण धार्मीक मठ मन्दिरहरुको संरक्षण, सम्वर्द्धन र पुन: निर्माणमा जोड दिईनेछ।

१४७. त्रिवेणी नगरपालिकाको संस्कृतिको जगेरना गर्न धार्मिक, सांस्कृतिक र साहित्यिक महोत्सव कार्यक्रम संञ्चालन गरिने छ ।

१४८. नगरभित्र रहेका मठ मन्दिरहरुको संरक्षण समिति गठन गर्ने नीति लिईएकोछ।

१४९. महत्वपूर्ण पर्यटकिय क्षेत्रसम्म पुग्ने पथमार्ग निर्माणलाई जोड दिईनेछ।पर्यटकीय स्थलमा फोहोर मैला व्यवस्थापन र पार्किङ्गको व्यवस्थापन गरिनेछ।

१५०. पर्यटकीय झरना ताल तलैया र पार्कहरुको सम्भाव्यता अध्ययन गरी पूर्वाधार निर्माण र व्यवस्थापनको कार्यमा पहल गरिनेछ।

१५१. मौरे शिवालय धामको पुन:निर्माण गरी शिवरात्री मेला ब्यवस्थापनमा विशेष जोड दिईएको छ।

१५२. आन्तरिक आयआर्जन बृद्धिका लागी नगरपालिकाको मूल आधार पर्यटन क्षेत्र भएकोले बाह्रै महिना आन्तरिक तथा बाह्य पर्यटनको आवागमनलाई निरन्तरता दिनका लागी मौरे -नाटेश्वरी – वडीमालिका, छतारा- पञ्चपुरी- वडीमालिका कोरीडोरमा नीजी व्यवसायिहरुलाई लगानी गरी होटेल व्यवसाय संचालन गर्न शान्ति सुरक्षा र लगानीको वातावरण वनाउन पहल गरिनेछ।

१५३. नाटेश्वरी- वडीमालिकाको विचमा रहेको धौलपुरी दहको गुरुयोजना तयार गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न विशेष पहल गरिनेछ।

१५४. पहिरो रोकथाम र भूस्खलनलाई रोकथाम गर्न नदि किनारामा तटवन्धन र वृक्षा रोपण संचालन गरिनेछ।

१५५. वन, जैवीक विविधता र वन्यजन्तु संरक्षका लागी कानूनी तथा नीतिगत व्यवस्थापन गरिनेछ।

१५६. वडीमालिका, नाटेश्वरी, पञ्चपुरी क्षेत्रमा संरक्षित वहुमूल्य जडीवुटीहरुको पहिचान गरि संरक्षणका लागी पहल गरिनेछ।

१५७. सामुदायिक वन उपभोक्ता समितिहरुको क्षमता विकास गरी संचालनमा सक्रिय गराईने नीति लिईएको छ।

१५८. नगरपालिका भित्र संचालित साना जलविद्युत आयोजनाहरुको दिगो व्यवस्थापन गर्न पहल गरिनेछ।

१५९. हाल संचालनमा आउन नसकेका साना जलविद्युत आयोजनाहरुको निर्माण तथा मर्मत कार्यका लागी लगानीको वातावरण तयार गरी संचालनमा ल्याईनेछ।

१६०. ठांग्रासैन लघुजलविद्युत योजना निर्माण पुरा गर्नका लागी संघ र प्रदेशमा विशेष पहल गरिने छ।

१६१. वातावरण तथा जलवायु अनुकुलनका कार्यक्रम संचालन गर्ने नीति लिईएको छ।

१६२. जलवायु सम्वन्धि दिर्घकालिन रणनीतिक योजनाको प्रभावकारी कार्यान्वन गर्न कार्यक्रमहरु संचालन गरिनेछ।

१६३. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई आवश्यकता अनुसार अध्यावधिक गरी योजनामा सिफारिस भएका विपद् जोखिमका गतिविधिहरुलाई न्यूनीकरण गर्न नीतिगत रुमा वजेटको व्यवस्थापन गरिनेछ। विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरी तद्अनुसार कार्यक्रम संचालन गरिनेछ।

१६४. जलवायु परिवर्तन अनुकूलन वनाउन नगरपालिकामा रहेका खाली जमीनहरुमा वृक्षा रोपणको कार्यक्रमहरु संचालन गरिनेछ।

१६५. विपद् पूर्व तयारी प्रतिकार्य योजना अनुसार आपतकालिन अवस्थामा आवश्यक पर्ने खोज तथा उद्दार र राहत सामग्रीहरुको व्यवस्थापन गरी विपद् आईपर्दा तत्काल सम्वोधन गर्ने नीति लिईएको छ।

१६६. विपद् जोखिम न्यूनीकरण, विपद्को पूर्वतयारी, व्यवस्थापन र उद्धारका लागी संचालित विपद् व्यवस्थापन कोषलाई प्रभावकारी वनाईनेछ।

१६७. जलश्रोत, वन, तथा सडकसम्वन्धी ऐन, नियमावली तयार गरि नीतिगत व्यवस्थापन गरिनेछ।

१६८. जात जाती मौलिका भेष भूषा, भाषा र संस्कृतिको संरक्षणका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ।

१६९. परम्परागत मौलिक संस्कृतिको रुपमा रहेका पर्व, उत्सव तथा भेषभूषालाई समाजको सम्पत्तिको रुपमा जगेर्ना गर्नका लागी पहल गरिनेछ।

१७०. स्थानीय स्तरमा कला र गला भएका व्यक्तिहरुको सम्मान कार्यक्रम संचालन गरिनेछ।

१७१. सांस्कृतिक पहिचान सहितको श्रव्य दृश्य सामग्री निर्माण गर्न सहयोग गर्ने नीति लिएको छ।

१७२. वुढीगंगा, मालागाड र काँसेगाड लगायतका नदि र खोलाहरुमा तटवन्धन तथा नदी नियन्त्रणको आयोजना संचालन गर्न पहल गरिनेछ।

१७३. त्रिवेणी नगरपालिको क्षेत्रमा पर्ने वुढीगंगा नदिको पैमा-द्धारी पैरो लगायतका क्षेत्रमा परियोजना संचालन गर्न सम्वन्धित निकायमा पहल गरिनेछ।

१७४. सांस्कृतिक प्रवर्द्धन तथा मौलिक परम्पराको संरक्षण गर्ने नीति लिईएको छ।

१७५. पछ्याडी पारिएको क्षेत्र वर्ग र समुदायलाई राज्यको मूलप्रवाहिकरणमा ल्याउने लक्ष्य सहित समानुपातिक समावेशी विकासको अवधारणालाई केन्द्रमा राखेर विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

१७६. लैगिंक विभेदलाई अन्त्य गर्न सरकारको साधन र श्रोतमा महिला र वालवालिकाको पहुँच सुनिश्चित हुने गरी कार्यक्रमहरु संचालनमा जोड दिईनेछ।

१७७. युवा महिला उद्यमीहरुलाई तालिम सिप तथा क्षमता विकास गरी व्यवसायी वनाउनका लागी **“उपमेयर महिला आय-आर्जन कार्यक्रम”** संचालन गरिने छ।

१७८. बालविवाह न्यूनीकरण, शून्य लैगिंक हिंसा तथा वालवालिकाको न्यायमा पहुँच सुनिश्चित गर्न शैक्षिक संस्थाहरुमा कार्यक्रमहरु संचालन गर्ने रणनीति लिईएकोछ।

१७९. बालविवाह र छाउपडी जस्ता कु प्रथाको विरुद्ध महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्न जोडी दिईनेछ।

१८०. विद्यालयमा हुने भेदभाव र छुवाछुत अन्त्य गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

१८१. वालवालिकालाई सम्मान जनक अवसर सृजना गर्ने उद्देश्यका साथ वालश्रमको न्यूनीकरण, वालवालिकालाई लागू पदार्थ, कुलत  र कुरितिवाट वचाउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

१८२. लैगिंक उत्तरदायी वजेट व्यवस्थापन गरी महिला तथा वालवालिकालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरु संचालन गर्ने रणनीति लिईएको छ।

१८३. लामो समयदेखी सामाजिक उत्पीडनमा परेका दलित समुदायहरुका लागी रोजगार, सीप, सम्मानयुक्त जीवनयापन गर्ने वातावरण सृजना गर्दै पहुँच र प्रतिनिधत्व स्थापना गर्ने लक्ष्य लिइएकोछ।

१८४. जेष्ठ नागरिकको सम्मान तथा विश्राम केन्द्र स्थापना गर्न पहल गरिनेछ।

१८५. लैगिंक हिंसा, जातीय विभेदका विरुद्धका अभियानहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्रोत व्यवस्थापनमा जोड दिईएको छ।

१८६. लैङ्गिक हिंसामुक्त नगर घोषणाका लागी विभिन्न नीति तथा कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।

१८७. मदिरा, लागू औषध, सूर्तिजन्य पदार्थ प्रयोगका विरुद्ध युवा अभियान कार्यक्रम संचालन गरीनेछ।

१८८. वडा स्तरिय आमा समूह, वाल समूहहरुलाई नेतृत्व एवं क्षमता विकासका कार्यक्रमहरु संचालन गरी सशक्तिकरण गरिनेछ।

१८९. अपाङ्ग, असक्त, आमा वावु नभएका वालवालिकाहरुको संरक्षणका लागी विशेष व्यवस्था गरिने नीति लिईएको छ।

१९०. नगरपालिका कार्यालयवाट प्रदान गरिने सेवालाई प्रविधिमैत्री वनाईनेछ।

१९१. त्रिवेणी विकास वहस कार्यक्रमलाई थप प्रभावकारी वनाउन पहल गरिने नीति लिईएको छ।

१९२. सामाजिक परिक्षण, नागरिक वडापत्र, सवै वडाहरुमा वडा स्तरिय र नगरमा नगरस्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरि सेवालाई प्रभावकारी वनाईनेछ। योजनाहरुको प्रभावकारी कार्यान्वयनकारी अनुगमनलाई तिब्रता दिईनेछ।

१९३. आर्थिक पारदर्शिता र जवाफदेहीताको नीतिलाई अवलम्वन गरिनेछ।

१९४. जनप्रतिनिधि र कर्मचारीहरुलाई जवाफदेही वनाई सेवा प्रवाहलाई प्रभावकारी वनाईनेछ।

१९५. नमूना युवा संसद अभ्यास मार्फत युवाहरुको क्षमता विकासमा जोड दिने नीति लिईएको छ।

१९६. व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप व्यवस्थित गर्न प्रविधिमैत्री सेवालाई प्रविधिमैत्री वनाईनेछ।

१९७. नगर सरकारले दिने सेवा प्रवाहमा सुशासन तथा संस्थागत विकासका लागी ऐन निर्माण गरी लागू गरिनेछ।

१९८. बित्तिय अनुशासनलाई मूल मन्त्रको रुपमा हेरी प्रभावकारी लेखा व्यवस्थापन गर्न जनशक्तिको क्षमता विकासमा जोड दिने नीति लिईएको छ।

१९९. भ्रष्टाचारलाई शून्य पार्न सेवाका सवै क्षेत्रहरुमा निगरानी सहित Digital report अनिवार्य गर्ने नीति लिईएको छ। E-Government शुरुवात गर्ने नीति लिईएकोछ।

२००. आन्तरिक राजश्व चुहावट हुनवाट रोक्न जनशक्ति व्यवस्थापन, तालिम तथा नीतिगत व्यवस्थापन गरी लागू गरिनेछ।

२०१. कर्मचारीको क्षमता अभिवृद्धिका लागी आवश्यक तालिम तथा कार्यक्रमको व्यवस्थापन गरिनेछ।

२०२. आयोजना, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागी नतिजा तालिका, कार्यान्वयन कार्ययोजना, आयोजना विवरण तालिका र जिम्मेवारी तालिका तयार गर्ने नीति लिईएको छ।

२०३. संचार सेवाको पहुँच वृद्धि गर्न नेपाल टेलिकम संग फाईवर नेट सेवा सवै वडाहरुमा विस्तार गर्न पहल गरिनेछ।

२०४. नगरपालिकालाई आधुनिक प्रविधियुक्त वनाउन नगर तथा वडा कार्यालयमा डिजिटल नोटीस बोर्ड स्थापना गरिनेछ।

२०५. जनतासंग जनप्रतिनिधि संचार सहकार्य कार्यक्रमलाई अवलम्वन गर्ने नीति लिईनेछ।

२०६. नगरमा संचालित रेडीयो तथा संचार मिडियाहरुको क्षमता विस्तार तथा जनशक्ति व्यवस्थापनमा सहयोग गरिने नीति लिईएको छ।

२०७. स्थानीय तथा राष्ट्रिय संचार माध्याहरुसंग समन्वय गरी नगरपालिकाका विकासका गतिवधिहरुलाई प्रसारण गरिनेछ।

२०८. नगरको विकासका विभिन्न गतिविधिहरुको सूचना सम्प्रेषण गरी सामुदायकि विकासमा सहयोग गर्ने संचारकर्मी र संचार माध्यामहरुलाई सम्मान गरिनेछ।

२०९. न्यायीक समितका कामलाई प्रभावकारी वनाउन, मुद्दा दर्ता, वहस तथा फैसलाको प्रक्रियालाई चुस्त दुरुस्त र प्रभावकारी वनाईनेछ।

२१०. मेलमिलापकर्तालाई कानूनी अवधारणा सम्बन्धि क्षमता विकास तालिम प्रदान गरी मेलमिलापलाई व्यवस्थित गराईनेछ।

२११. न्यायीक समिति संरचनागत रुपमा व्यवस्थित गरि न्याय प्रणालीलाई छिटो, विश्वसनीय र प्रभावकारी वनाईने नीति लिईनेछ।

२१२. बैक तथा वित्तिय क्षेत्रमा नगरवासीको पहुँच वृद्धि गर्न हरेक नगरवासीका बैक खाता संचालन गर्न अनिवार्य गरिनेछ।

२१३. सवैवडाहरुमा पंञ्जिकरणका कामहरुलाई व्यवस्थित गर्न श्रोत र साधनको उचित व्यवस्थापन गरिनेछ।

२१४. गैर सरकारी तथा दातृ निकायहरुको समन्वयमा नगरका विभिन्न विकास गतिविधिहरु संचालन गर्ने।

२१५. शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता तथा मापदण्ड को पालना गर्ने नीति लिईनेछ।

२१६. नगर भित्रको सम्भाव्यता अध्ययन गरी  सिलेटखानी निकासी गर्ने नीति लिईएको छ।

२१७. नगर गौरवका आयोजना संचालन गर्नका लागी नगर विकास कोष संग समन्वय गरी लगानीको वातावरण तयार गर्ने नीति लिईएकोछ।

२१८. नगरपालिकाको शान्ति सुरक्षाको व्यवस्थालाई थप प्रभावकारी वनाउन कैलाशमाण्डौ डाँडा, र छताराको चाल्नेगडामा अस्थायी प्रहरी चौकी स्थापनाका लागी नेपाल सरकार गृह मन्त्रालयमा पहल गरिनेछ।

२१९. वडीमालिका –त्रिवेणीधाममा सिमाना अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरुलाई नगरपालिकाको स्वामीत्व अन्तर्गत ल्याईने छ।

२२०. नगरपालिका भित्रका सम्पूर्ण विकास आयोजनाहरुको नीती तथा कार्यक्रमहरु निर्माण गरि क्रमीक रुपमा संचालन गरिदै लगिनेछ।

२२१. स्थानीय राजश्व संकलनलाई बैज्ञानीक तथा व्यवस्थित गर्न आधुनिक प्रविधिको प्रयोग र दक्ष जनशक्तिको परिचालनमा जोड दिईने छ।

२२२. नगरपालिकाको प्रत्येक वडाभित्र रहेको श्रोत र सम्भावनाको लगत तयार गरी सूचीकृत गरिने छ।

२२३. नगरपालिका भित्र रहेका सवै क्षेत्रका व्यवसायीहरुलाई सूचीकृत गरी सेवा लिने र दिने दुवै अवस्थावाट सुरक्षित गरिने नीति लिईएको छ।

२२४. राजश्व संकलनको मापदण्ड पुरा गरी करदातालाई करको दायराभित्र ल्याईनेछ।

**नगरसभा सदस्य ज्युहरु**

अन्त्यमा, हाम्रो नगरपालिकाले लिएको विकासको नीति र समृद्धीको यात्रामा सम्पूर्ण सरोकारवालाहरुवाट हातेमालो गर्न अपील गर्न चाहन्छु। हामीले ल्याएको नीति कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन गर्न हाम्रो एकल प्रयासले निकै चुनौती पूर्ण छ यद्यपी असम्भव भने छैन, प्रस्तुत निति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू

गर्न सबै तह र तप्का बाट सक्रिय र निरन्तर सहयोग  तथा सहकार्य हुने छ भन्नेमा म पुर्ण विस्वस्त छु ।

यस नगर सभा अधिवेशनमा प्रभावकारी रुपमा प्रस्तुत निति तथा कार्यक्रम निर्माण गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने नगरसभाका सदस्य ज्युहरु, सम्पूर्ण राजनितिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, विभिन्न संघसंस्थाका प्रतिनिधि ज्युहरु, आमन्त्रित विषय विज्ञ नगरपालिकाका कर्मचारी मित्रहरु, पत्रकार, सुरक्षाकर्मी मित्रहरु लगाएत नगरवासि दाजुभाई तथा दिदिबहिनिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्रिवेणी नगरपालिकाको समुन्नत विकास प्रक्रियामा आजका दिन सम्म म र मेरो सिंगो जनप्रतिनिधि ज्युहरुको टिमलाई सहयोग उपलव्ध गराउने संघिय सरकार सुदुरपश्चिम प्रदेश सरकार सहयोगी संघसंस्था तथा निकायहरु निजिक्षेत्र प्रति हृदयदेखी आभारी छु ।साथै यस्तै खालको सहयोग निरन्तर जारी रहनेछ भन्ने विषयमा आत्म विश्वासका साथ पुनः त्रिवेणी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै विकासको महान यात्रामा सहयात्री बन्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

श्री बडिमालिका माताले सबैको रक्षा गरुन!

धन्यवाद! नमस्कार ।

कर्ण बहादुर थापा
नगर प्रमुख